# काठेखोला  गाउँपालिका

## काठेखोला गाउँपालिकाको मर्मत सम्भार कोष संचालन सम्बन्धि कार्यविधि

## २०७५

कार्यपालिकाबाट स्वीकृत मितिः २०७५/०४/२५

# काठेखोला गाउँपालिकाको मर्मत सम्भार कोष संचालन सम्बन्धि कार्यविधि-२०७५

१. **प्रस्तावनाः-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम यस काठेखोला गाउँपालिका भित्र निर्माण गरि कार्य सम्पन्न गरिएका पुर्वाधारहरू सडक, भवन तथा खानेपानी मर्मत गरी तत्काल सुचारू गर्ने अभिप्रायले यो **काठेखोला गाउँपालिकाको मर्मत सम्भार कोष सञ्चालन सम्बन्धि कार्यविधि २०७५** काठेखोला कार्यपालिका बाट स्वीकृत गरि जारी गरिएको छ। गाउँ कार्यपालिकाको बैठकबाट पारित भए पछि तुरून्त कार्यान्वयन हुनेछ।

२. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ सम्झनुपर्दछ।

ख) वडा अध्यक्ष भन्नाले गाउँपालिकाको वडा अध्यक्ष सम्झनुपर्दछ।

ग) सदस्य भन्नाले गाउँपालिका वडा सदस्य सम्झनुपर्दछ।

घ) अध्यक्ष भन्नाले गाउँपालिकाको बैठकको अध्यक्षता गर्ने व्यक्ति सम्झनुपर्दछ।

ङ) कार्यपालिका भन्नाले काठेखोला गाउँपालिकाको कार्यपालिका सम्झनुपर्दछ।

च) वडा समिति भन्नाले काठेखोला गाउँपालिकाको वडा समिति सम्झनुपर्दछ।

**३. कोषबाट खर्च गर्ने व्यवस्थाः**

क) कोषको रकम खर्च गर्दा रू. १ लाख सम्म गाउँपालिका अध्यक्षको निर्णय र १ लाख भन्दा माथि खर्च गर्दा गाउँ कार्यपालिकाको बैठकको निर्णयअनुसार रकम विनियोजन गरी कार्यान्वयन गरिनेछ।

ख) मर्मत सम्भार कोष बाट निनियोजन रकमको खर्च गर्दा प्राविधिक स्टिमेट, कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ता समितिको निर्णय निवेदन, आवश्यक विल भरपाई तथा काम सम्पन्न भएको प्रतिवेदनका आधारमा भुक्तानी गरिनेछ।

ग) कोषबाट यस गाउँपालिका भित्र निर्माण गरि कार्य सम्पन्न गरिएका पूर्वाधारहरू सडक, भवन तथा खानेपानी मर्मतका कार्यमा मात्र खर्च गरिनेछ।

घ) यस कोषबाट निनियोजित बजेट कार्यान्वयन गर्दा गाउँ कार्यपालिकाको कार्यालयले आवश्यक्ता अनुसार निर्माण व्यवसायीबाट मेशीन भाडामा लिएर वा खरिद नियमानुसार खरिद गरेर वा अमानतबाट वा उपभोक्ता समितिबाट गराउन सकिनेछ।

४. **संशोधन तथा बाधा अड्काउ फुकाउने**

क) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे काठेखोला गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ।

ख) यस कार्यविधि लागु हुनुपुर्व भए गरेका काम कार्वाहीहरू यसै कार्यविधि बमोजिम भएको मानिने छ।

**ग)** यस कार्यविधिलाई आवश्यकता अनुसार काठेखोला गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ।